# भाग ५

## नेपाल सरकार

## उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको

## सूचना १

नेपाल सरकारले निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ को दफा ३ को उपदफा (१) बमोजिम वस्तु पैठारीमा बन्देज लगाई खण्ड ६९, सङ्ख्या ५२, मिति २०७६/१२/२४ को नेपाल राजपत्र भाग ५ मा सूचना प्रकाशन गरेकोमा सोही दफाको उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी सो सूचनामा देहाय बमोजिम हेरफेर गरेकोले यो सूचना प्रकाशन गरिएको छः-

(क) सो सूचनाको खण्ड (क) बाट भन्सार उपशीर्षक ०७१३.१०.०० को केराउको पैठारीमा लगाइएको पूर्ण बन्देजलाई हटाई आर्थिक वर्ष २०७७/७८ अवधिको लागि कूल ८०,००० (असी हजार) मेट्रिक टन परिमाणमा ननाघ्ने गरी विदेशबाट आयात गर्न सकिने गरी परिमाणात्मक बन्देज लगाइएको,

(ख) सो सूचनाको खण्ड (ख) बाट भन्सार उपशीर्षक ०८०२.८०.०० र ०८०२.९०.०० को सुपारीको पैठारीमा लगाइएको पूर्ण बन्देजलाई हटाई आर्थिक वर्ष २०७७/७८ अवधिको लागि कूल २५,००० (पच्चीस हजार) मेट्रिक टन परिमाणमा ननाघ्ने गरी विदेशबाट आयात गर्न सकिने गरी परिमाणात्मक बन्देज लगाइएको,

(ग) सो सूचनाको खण्ड (ग) बाट भन्सार उपशीर्षक ०८०४.१०.०० को छोकडाको पैठारीमा लगाइएको पूर्ण बन्देजलाई हटाई आर्थिक वर्ष २०७७/७८ अवधिको लागि

कूल ५,००० (पाँच हजार) मेट्रिक टन परिमाणमा ननाघ्ने गरी विदेशबाट आयात गर्न सकिने गरी परिमाणात्मक बन्देज लगाइएको,

(घ) सो सूचनाको खण्ड (घ) बाट भन्सार उपशीर्षक ०९०४.११.०० को नधुल्याएको मरिचको पैठारीमा लगाइएको पूर्ण बन्देजलाई हटाई आर्थिक वर्ष २०७७/७८ अवधिको लागि १५,००० (पन्ध्र हजार) मेट्रिक टन परिमाणमा ननाघ्ने गरी विदेशबाट आयात गर्न सकिने गरी परिमाणात्मक बन्देज लगाइएको,

(ङ) सो सूचनाको खण्ड (च) बाट अमेरिकी डलर ५०,०००/00 भन्दा बढी मूल्यको सवारी साधनको पैठारीमा लगाइएको पूर्ण बन्देजलाई हटाइएको ।

द्रष्टव्यः खण्ड ७०, सङ्ख्या १० मिति २०७७/०३/०८ को नेपाल राजपत्र भाग ५ मा प्रकाशित नधुल्याएको मरिच आयातको परिमाणात्मक बन्देज सम्बन्धी यस मन्त्रालयको सूचना खारेज गरिएको छ ।

## सूचना २

नेपाल सरकारले निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ को दफा ३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी खण्ड ६९, सङ्ख्या ५२, मिति २०७६/१२/२४ को नेपाल राजपत्र भाग ५ मा प्रकाशित सूचनाको खण्ड (ग) बाट भन्सार उपशीर्षक ०८०४.१०.०० को छोकडाको पैठारीमा पूर्ण बन्देज लगाएकोमा सोही दफाको उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी संवत् २०७६ चैत १६ गते अगाडि नै चलान (सिपिङ्) भइसकेका तर खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको स्वीकृति नलिएका

छोकडाको हकमा सम्बन्धित भन्सार स्थित खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको कार्यालयले गुणस्तर प्रमाणीकरण गरी उपयुक्त देखिएको सिफारिस गरेमा त्यस्तो छोकडा पैठारी गर्न स्वीकृति दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

**आज्ञाले,**
**अर्जुन प्रसाद पोखरेल**
**नेपाल सरकारको सचिव ।**